www.xtrapapers.com

M12/1/A1NEP/SP1/NEP/TZ0/XX

22120207

International Baccalaureate®
Baccalauréat International
Bachillerato Internacional

**NEPALI A1 – STANDARD LEVEL – PAPER 1**
**NÉPALAIS A1 – NIVEAU MOYEN – ÉPREUVE 1**
**NEPALÉS A1 – NIVEL MEDIO – PRUEBA 1**

Thursday 10 May 2012 (morning)
Jeudi 10 mai 2012 (matin)
Jueves 10 de mayo de 2012 (mañana)

1 hour 30 minutes / 1 heure 30 minutes / 1 hora 30 minutos

---

INSTRUCTIONS TO CANDIDATES

- Do not open this examination paper until instructed to do so.
- Write a commentary on one passage only. It is not compulsory for you to respond directly to the guiding questions provided. However, you may use them if you wish.
- The maximum mark for this examination paper is *[25 marks]*.

INSTRUCTIONS DESTINÉES AUX CANDIDATS

- N'ouvrez pas cette épreuve avant d'y être autorisé(e).
- Rédigez un commentaire sur un seul des passages. Le commentaire ne doit pas nécessairement répondre aux questions d'orientation fournies. Vous pouvez toutefois les utiliser si vous le désirez.
- Le nombre maximum de points pour cette épreuve d'examen est *[25 points]*.

INSTRUCCIONES PARA LOS ALUMNOS

- No abra esta prueba hasta que se lo autoricen.
- Escriba un comentario sobre un solo fragmento. No es obligatorio responder directamente a las preguntas que se ofrecen a modo de guía. Sin embargo, puede usarlas si lo desea.
- La puntuación máxima para esta prueba de examen es *[25 puntos]*.


© International Baccalaureate Organization 2012

www.xtrapapers.com



तल दिइएका **कविता अथवा** निबन्धको टिप्पणी लेख्नुहोस् :

१.

म अहिले, ठीक यति बेला एउटा ठूलो चहलपहलको बीचमा उभिएको छु। मान्छेहरूको समुद्रको बीचमा पानीको एक बुँद जस्तै भएर म चारैतिर हेरिरहेको छु । लहरहरू जतातितै लहराइरहेका छन् । छालहरू उठिरहेका छन् र बगिरहेका छन्। एउटा हतार,एउटा लगन अथवा एउटा उत्सुकताको लहर पनि उठ्छ। एउटा उदासी, एउटा बेचैनी अथवा अल्छीपनाको चिसो सिरेटो पनि चल्छ। म अहिले यी दुवै अवस्थाहरूको बीचमा छु। मलाई थाहा छ – आसनको स्थिरता मेरो उद्देश्य होइन। एउटा अलमल अथवा कार्यपद्धतिमा धरमर मेरो लक्ष्य होइन। मेरो चेतनाले बारम्बार मलाई केही भनिरहन्छ। मेरो सपनाले बारम्बार मलाई तानिरहन्छ। तसर्थ म अनेकौं जङ्घारहरूमा हिँडिसकेको छु, अनेकौं लहरहरूमा पौडिसकेको छु र छालहरूसँगै दौडिसकेको छु। यति मात्र होइन, हिँड्दाहिँड्दै बाटाहरू ठिङ्ग उभिएको भुइँकुहिरोको साम्राज्यमा स्वाट्ट पसेर त्यतै हराएका कतिपय अवस्थाहरूमा रनभुल्लमा परेर अलमलिएको छु। कहिलेकाहीँ आफ्नै प्रयत्नले नयाँ गोरेटो पहिल्याएको पनि छु। यसैले अहिले म जुन चहलपहलमा आइपुगेको छु – त्यही नै मेरो अभीष्ट होइन।

वेगवान् नदी जस्तै छङछडाएर बग्नुपर्छ जीवनले । दह जस्तै एकै ठाउँ मात्र जमिरहने हो भने त्यो के जीवन ? म त्यसलाई जीवन भन्दिनँ । आभास हुनुपर्छ बाँचेको, आवाज हुनुपर्छ, सङ्गीत हुनुपर्छ अथवा भनौं सार्थकता हुनुपर्छ जीवनको । तसर्थ म नित्य नवीन कुराहरूको चाहना गर्छु । लड्नुपर्छ अफ्ठ्याराहरूसँग र बढ्नुपर्छ अघिअघि । यसरी म जीवनमा गति थपिरहन चाहन्छु र प्राप्त उपलब्धिहरूलाई तमाम मान्छहरूको अघिल्तिर उनीहरूकै हितका लागि पस्किदिन चाहन्छु। म कतिपल्ट एकदम सङ्लिएर बगेको छु। यसरी बगिरहेको अवस्थामा नीलो आकाश र बादलका सेता टुकाटाकीहरू मभित्र लुक्न आएका छन्। मान्छेहरूका प्रतिबिम्बहरू, रूखहरूका छायाहरू, पहाडपर्वतहरू जम्मै मभित्र अटाएका छन् । अहा ! जीवनको मधुरताको, जीवनको सफलताको अनुभवको त्यो सुखद स्पर्श र रोमाञ्च। त्यस्तै बाढीहरू भएर मैलिएर र हिलैहिलो भएर पनि बगेको छु। यस बेलाका पीडाका अनुभूतिहरू जीवनका विशिष्ट भोगाइहरू हुन्।

भीष्म उप्रेती,"नदी जस्तै बग्नुपर्छ जीवनले" हिँड्दै गर्दा (काठमाडौं : साझा प्रकाशन, २०५५)पृ.४८-४९ ।

– निबन्धको उक्त उद्धरणले जीवन प्रति व्यक्त गरेका धारणाहरू के-के हुन् ?

– उक्त उद्धरणमा प्रयुक्त प्रतीक तथा अलङ्कारलाई केकसरी मूल्याङ्कन गर्नुहुन्छ ?

– उक्त उद्धरणमा व्यक्त विचार चित्तबुझ्दो खालका छन् वा छैनन् ?

www.xtrapapers.com



२.

कहिले बिर्सन नसक्ने घाउ
मेरो मुटुभित्र ठोकिएको किलो झैं पीडा
टाँस्सिएको छातीभरिको पीडाको मर्म
मेरो आफ्नै अनुहार
मेरो आफ्नै दस्तावेज
लिएर बाँचेको
म न्यास्रो र एकलास बगर
उपेक्षित छु सबै मौसमबाट
अब मेरो आँखामा आउँदैन एउटा पनि वसन्त
र एउटा पनि पतझड
यो पराजित युग बोकेको
यो मौसम आउनुभन्दा अघि नै
म लामो बगर
दृष्टिहीन भइसकेको छु
ज्ञानहीन भइसकेको छु
हुन त मैले आफैभित्र कति बर्खा देखिसकेको छु
र कति हिउँद भोगिसकेको छु
अनगिन्ती आत्माको पुकार
कहिले बिर्सन नसक्ने घाउ
र मुटुभरि दुःख र पीडा लिएर
एक्लो, नितान्त एक्लो म आत्मसमर्पणमा बाँचेको छु
थुप्रै सपना लिएर
यो सन्नाटामा
हुट्टीट्याउँको आवाजले
म पूरा एक राष्ट्र झैं
निद्राबाट ब्युँझन लागेको छु
म लामो बगर – काठमाडौं ।

उपेन्द्र श्रेष्ठ, “म लामो बगर !”प्रतिनिधि नेपाली आधुनिक कविता,(काठमाडौं : नेपाल प्रज्ञाप्रतिष्ठान कमलादी२०६७)पृ.८०-८१ ।

– यस कवितामा व्यक्त भाव औंल्याई स्पष्ट पार्नुहोस् ।

– यस कवितामा प्रयोग भएका शैलीलाई के-कसरी मूल्याङ्कन गर्नुहुन्छ ?

– यस कवितामा व्यक्त विचार तपाईंलाई किन स्वीकार्य छ वा छैन ?